# झापा राजपत्र

## झापा गाउँपालिकाद्धारा प्रकाशित

खण्ड-३, संख्या-२, मिति २०७८।१०।७

## भाग-२

## झापा गाउँपालिका

## गाउँ कार्यापालिकाको सूचना

*झापा गाउँ कार्यापालिकाको नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८*

जयनारायण शाह
अध्यक्ष

# झापा गाउँपालिकाको नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

प्रस्तावना

नेपालको संविधानको धारा ४२ को उपधारा २ मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षाण,उत्थान,शसक्तिकरण र विकासका लागि शिक्षा,स्वास्थ्य,आवास,रोजगारी,खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था रहेकोले झापा गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ:(१) यस कार्यविधिको नाम **झापा गाउँपालिकाको नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८**रहेको छ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क. "गाउँपालिका" भन्नाले झापा गाउँपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख. "नागरिक आवास" भन्नाले प्राविधिकबाट स्वीकृतस्टिमेट तथा डिजाइन अनुसारका आवास इकाइ सम्झनु पर्छ ।

ग."आवास इकाई" भन्नाले लाथग्राही घरधनीले पाउने घर सम्झनु पर्छ ।

घ."लाभग्राही" भन्नाले दफा ४ बमोजिम छनौट भएको घरधनी सम्झनु पर्छ ।

ङ.लक्षित वर्ग भन्नाले कार्यक्रम लागु हुने स्थानमा विगत लामो समय देखि स्थायी बसोबास गरेका विपन्न, दलित, मुसलमान, लोपोन्मुख, अति सिमान्तकृत तथा गाउँपालिकाले तोकेको जाति वा समुदायका विपन्न वर्गहरु सम्झनु पर्छ ।

## परिच्छेद २

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

**३. लक्षित वर्गको पहिचान**:लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ ।

क. विगतदेखि गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्दै आएको प्रमाण,

जयनारायण शाह
अध्यक्ष

ख.जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाउँदै आएको भए सो सम्बन्धी कागजात वा आफु विगत देखि सो स्थानमा स्थायी बसोबास गरी आएको भन्ने वडा कार्यालयको सिफारिस,

ग. लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था,

घ.वडा कार्यालयले लक्षित वर्गभित्र परेको भनी गरेको सिफारिस,

**४. लाभग्राही छनौटका आधार** :(१) सम्वन्धित वडा कार्यालयले लक्षित वर्गभित्र परेको र स्वयं घर बनाउन नसक्ने भनी गरेको सिफारिसका आधारमा लाभग्राही छनौट गरिनेछ ।

लाभग्राही छनौटका अन्य आधारहरु गाउँपालिकाले तय गर्न सक्नेछ ।

परिच्छेद ३

रकम तथा निर्माण सामाग्री

**५. रकम उपलव्ध गराउने:**(१) गाउँपालिकाले कार्यपालिकाको निर्णय बमोजिम लाभग्राही वा निर्माण समितिलाई तीन किस्तामा रकम उपलव्ध गराउनेछ ।

(२)लाभग्राही वा निर्माण समितिसँगको सम्झौता पश्चातसम्झौता रकमको तीस प्रतिशत उपलव्ध गराउन सक्नेछ

(३)प्राविधिक शाखाको अनुगमन बमोजिम कार्य सुचारु भएपछि सम्झौता रकमको थपचालिस प्रतिशत उपलव्ध गराउन सक्नेछ ।

(४)अनुगमन समितिको अनुगमन प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन पश्चात बाँकी रकम लाभग्राहिलाई भुक्तानी दिइनेछ । यसरी भुक्तानी दिइने रकममा कर कट्टी गरी लाभग्राही वा निर्माण समितिको बैंक खातामा जम्मा हुने गरी दिइनेछ ।

**६. लागत सहभागिता र योगदान:**लाभग्राही वा निर्माण समितिले कुल लागत अनुमानको कम्तीमा दश प्रतिशत लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

परिच्छेद ४

विविध:

**७. निर्देशन पालना गर्नुपर्ने** : सम्वन्धित लाभग्राही वा निर्माण समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

**८. विवादको समाधान** : सम्वन्धित लाभग्राही वा निर्माण समिति र गाउपालिका बीच कार्यक्रम कार्यान्वयनको क्रममा कुनै विवाद भएमा गाउँपालिकको निर्णय अन्तिम हुनेछ ।

**९. बेच बिखन गर्न नपाउने** : लाभग्राहीले आवास इकाइ निर्माण सम्पन्न भएको मितिले दश वर्षसम्म बेचविखन गर्न पाउने छैन ।

**१०. सुविधा नपाउने** : नेपाल सरकार तथा गाउँपालिकाबाट विगत वर्षहरुमा निर्माण भएका आवासहरुका लाभग्राहि एकाघरको भएमा आवास सुविधा उपलव्ध गराइने छैन ।

जयनारायण शाह
अध्यक्ष